वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १३७ २०८३ असोज ०२ गते शुक्रबार, नेपाल सम्वत् ११४६ September 18, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-



**खण्डहर बनेका घर**

तनहुँको घिरिङ गाउँपालिका-४ कोत्रे गाउँमा खण्डहरू बन्दै परम्परागत ढंगामाटोबाट निर्माण गरिएका घर । सेवा सुविधाको खोजीमा बसाई सराई गर्ने क्रम बढ्दै गएपछि ग्रामीण बस्तिका घरहरू खण्डहर बन्न थालेका छन् भने खेतीयोग्य जमिन बाँझिदै गएका छन् ।

*तस्विर : भञ्ज्याङ*

# डोना हिमतालको जोखिम : मर्स्याङ्दी तटीय क्षेत्रसम्म बढ्दो चिन्ता

## हिमतालको अवस्था पुनः अध्ययन गर्नुपर्ने आवश्यकता, बाढी आए मनाङदेखि तनहुँसम्म असर पर्न सक्ने

**भञ्ज्याङ समाचारदाता/मनाङ**

मनाङको डोना (थुलागी) हिमतालमा देखिएको जोखिमले मर्स्याङ्दी नदीको तल्लो तटीय क्षेत्रको सुरक्षामाथि समेत प्रश्न उठाएको छ। हिमताल विस्फोट भई अचानक ठूलो बाढी आए त्यसको प्रभाव मर्स्याङ्दी नदी हुँदै मनाङ, लमजुङ, गोरखा र तनहुँसम्म पर्न सक्ने भएकाले जोखिमको पुनःमूल्याङ्कन, नियमित अनुगमन र पूर्वसूचना प्रणालीलाई प्राथमिकतामा राख्नुपर्ने देखिएको छ ।

मनाङको नासोँ गाउँपालिका-२ मा रहेको डोना हिमताललाई विगतदेखि नै सम्भावित जोखिमयुक्त हिमतालका रूपमा पहिचान गरिएको छ। विभिन्न अध्ययनअनुसार तालको क्षेत्रफल करिब ०.९ वर्गकिलोमिटर रहेको छ भने सन् २०१७ को सर्वेक्षणमा यसको अधिकतम गहिराइ ७६ मिटर मापन गरिएको थियो ।



तर ती अध्ययन केही वर्ष पुराना भइसकेकाले अहिले तालको क्षेत्रफल, पानीको मात्रा, हिमनदीको अवस्था तथा आसपासको भौगोलिक संरचनामा आएको परिवर्तनबारे पुनः स्थलगत अध्ययन आवश्यक देखिएको छ । विगतमा पहिचान गरिएको जोखिम हाल कुन अवस्थामा छ भन्ने यकिन गर्न नियमित वैज्ञानिक अनुगमन अपरिहार्य रहेको विज्ञ तथा स्थानीय अधिकारीहरूको भनाइ छ ।

नासोँ गाउँपालिका-२ का वडाध्यक्ष रवि गुरूङले डोना हिमताल जोखिमयुक्त भए पनि तत्काले विस्फोट हुने अवस्था नरहेको बताए । उनका अनुसार तालको आकार भने विगतको तुलनामा परिवर्तन हुँदै विस्तार भइरहेको छ ।

गुरूङले भने, "ताल जोखिममा छ, अहिलेसम्म केही भएको छैन। आकार पहिलाको भन्दा फरक हुँदै ठूलो भइरहेको छ ।" तालको जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले पहल गरिरहेको भए पनि आवश्यक संरक्षण तथा व्यवस्थापनका लागि ठूलो बजेट आवश्यक पर्ने उनले बताए । प्रदेश र संघीय सरकारसँग सहयोगका लागि पहल भइरहेको तथा स्थानीयलाई जोखिमबारे जानकारी गराउने र सचेत बनाउने काम भइरहेको उनको भनाइ छ ।

मनास्लु हिमालको फेदीमा रहेको डोना ताल प्राकृतिक सौन्दर्यका कारण पर्यटकीय गन्तव्यसमेत बन्दै गएको छ। वडाध्यक्ष गुरूङका अनुसार विदेशी तथा आन्तरिक पर्यटक गरी वार्षिक करिब दुई सय जना ताल क्षेत्रमा पुग्ने गरेका छन् । मनाङका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले पनि डोना हिमतालको जोखिमलाई बेवास्ता गर्न नहुने बताए । उनका अनुसार तालमा बालुवा तथा माटो थुप्रिँदै जानु चिन्ताको विषय हो ।

उनले भने "ताल तत्काल फुट्छ भन्न सकिँदैन, तर तत्काल फुट्दैन भन्न सकिने अवस्था पनि छैन। जुनसुकै बेला जोखिम हुनसक्छ।" जिल्लामा सामान्य विपद् प्रतिकार्यका लागि तयारी भए पनि ठूलो आयामको हिमताल विस्फोटजन्य बाढी आए त्यसलाई तत्काल सामना गर्ने क्षमता सीमित रहेको उनले बताए । जोखिम न्यूनीकरणका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गरिएको र जिल्लास्तरीय बैठकबाट समेत आवश्यक पहल गर्ने निर्णय भएको उनको भनाई छ ।

हिमताल फुटेर ठूलो बाढी आए मनाङका विभिन्न बस्ती हुँदै मर्स्याङ्दी नदीको बहाव क्षेत्रका तल्लो जिल्लासम्म प्रभाव पर्न सक्ने प्रशासनको आकलन छ। बाढीबाट बस्ती, सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनामा क्षति पुग्न सक्ने भएकाले सम्भावित जोखिम क्षेत्रको पहिचान र समयमै सूचना प्रवाहमा जोड दिनुपर्ने अधिकारीहरूले बताएका छन् ।

यसैबीच, लालुपाते हाइड्रोपावरले डोना ताल आसपास जलविद्युत् आयोजना निर्माणको प्रक्रिया अघि बढाइरहेको छ । तालको पानी उपयोग गर्ने विषयमा समेत अध्ययन भइरहेको प्रजिअ खनालले जानकारी दिए । तालको जोखिम र त्यससँग सम्बन्धित संरचनालाई समेत ध्यानमा राखेर आयोजना तथा जोखिम व्यवस्थापनका विषयमा आवश्यक

बाँकी तेश्रो पेजमा

# दूध बेचेर तनहुँका किसानले कमाए २४ करोडभन्दा बढी

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँका दुग्ध उत्पादक किसानले एक वर्षको अवधिमा दूध बिक्रीबाट २४ करोड रूपियाँभन्दा बढी आम्दानी गरेका छन् । तनहुँ दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध १८ वटा दुग्ध उत्पादक सहकारीमार्फत संकलन भएको दूध बिक्रीबाट किसानले गत आर्थिक वर्षमा उल्लेख्य आम्दानी गरेका हुन् ।

सहकारीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा किसानले १५ लाख ६८ हजार लिटर दूध बिक्री गरेका थिए। उक्त दूध बिक्रीबाट किसानले २४ करोड ११ लाख १० हजार १६२ रूपियाँ आम्दानी गरेका छन् । तनहुँ दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध करिब एक हजार पाँच सय व्यावसायिक किसान दूध उत्पादन तथा पशुपालनमा संलग्न छन्। गाउँगाउँमा रहेका सहकारीमार्फत उत्पादित दूधको नियमित संकलन र बजारको व्यवस्था भएपछि किसानको पशुपालन व्यवसायप्रतिको आकर्षण बढ्दै गएको संस्थाका अध्यक्ष तुलसीराम सापकोटाले बताए।

"दूध बिक्रीका लागि बजारको समस्या नभएपछि किसान व्यावसायिक पशुपालनतर्फ उत्साहित भएका छन्", उनले भने, "यसबाट किसानको आम्दानी बढ्नुका साथै गाउँमै रोजगारीका अवसरसमेत सिर्जना भएका छन्।"

किसानले उत्पादन गरेको दूध स्थानीय सहकारीमार्फत संकलन गरी तनहुँ दुग्ध उत्पादक सहकारी संस्थामा ल्याइन्छ । संस्थाका व्यवस्थापक राजु भुजेलका अनुसार हाल सहकारीमार्फत दैनिक आठ हजार लिटरभन्दा बढी दूध संकलन र बिक्री हुँदै आएको छ।

तनहुँका विभिन्न गाउँबाट संकलन भएको अधिकांश दूध सुजल डेरीमार्फत पोखरा पठाइने गरेको उनले जानकारी दिए । नियमित बजार र संकलन प्रणालीको विस्तारसँगै किसानले उत्पादन गरेको दूध बिक्री नहुने समस्या कम भएको सहकारीको भनाइ छ ।

दूध बिक्रीबाट हुने किसानको आम्दानी वर्षेनी बढ्दै गएको तथ्याङ्कले पनि देखाउँछ । आर्थिक वर्ष २०८१/८२ मा किसानले १३ लाख ४६ हजार २४ लिटर दूध बिक्री गरी २१ करोड ६७ लाख ५७ हजार ७२५ रूपियाँ आम्दानी गरेका थिए । गत आर्थिक वर्षमा दूध बिक्रीबाट भएको आम्दानी अघिल्लो वर्षको तुलनामा दुई करोड ४३ लाख ५२ हजार ४३७ रूपियाँले बढी हो ।

दूध उत्पादनसँगै बजारको सुनिश्चितताले ग्रामीण क्षेत्रमा व्यावसायिक पशुपालन विस्तार हुन थालेको छ । परम्परागत रूपमा घरायसी प्रयोजनका लागि सीमित पशुपालन गर्दै आएका किसान समेत अहिले दूध उत्पादनलाई आम्दानीको भरपर्दो स्रोतका रूपमा लिन थालेका छन् ।

सहकारीमार्फत संकलन, बिक्री तथा बजार व्यवस्थापनको संयन्त्र बलियो बन्दै जाँदा किसानलाई उत्पादित दूध बिक्रीको चिन्ता कम भएको छ । यही कारण तनहुँका ग्रामीण क्षेत्रमा पशुपालन व्यवसाय विस्तार हुनुका साथै स्थानीयस्तरमै रोजगारी र आयआर्जनका अवसरसमेत बढ्दै गएको सहकारीले जनाएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# लालपुर्जा पाउँदाको खुसी र बाँकी प्रतीक्षा

देवघाटका एकबहादुर दर्जीका हातमा बुधबार जग्गाधनी प्रमाणपुर्जा पर्दा देखिएको खुसी एउटा कागज पाएको खुसी मात्र थिएन, पाँच दशकभन्दा लामो प्रतीक्षाको अन्त्य थियो । ३१ वर्षको उमेरमा देवघाट पुगेका उनले त्यहीँ विवाह गरे, परिवार बसाए र सन्तान हुर्काए । तर जीवनको अधिकांश समय बिताएको जमिनमा कानुनी स्वामित्व थिएन । झण्डै ५२ वर्षपछि हातमा लालपुर्जा पर्दा उनले 'काँचो रहेको जग्गा बल्ल पाकेको' अनुभूति सुनाएका थिए । होमाया परियारको कथा पनि उस्तै छ । ३५ वर्षदेखि भोगचलन गर्दै आएको जमिन आफ्नो नाममा आउने आशामा उनले वर्षौंसम्म विभिन्न सरकारी निकाय धाइन् । अन्ततः आफ्नै नामको लालपुर्जा पाएपछि उनको खुसीको सीमा रहेन ।

देवघाट–१ का १० भूमिहीन दलित तथा सुकुम्बासी परिवारले आफ्नै घरदैलोको वडामा लालपुर्जा पाउनु निश्चय नै महत्वपूर्ण उपलब्धि हो । तर, यससँगै एउटा गम्भीर प्रश्न उठ्छ– बाँकी भूमिहीन परिवारले आफ्नो जमिनको स्वामित्व कहिले पाउने ? भूमि केवल सम्पत्ति होइन, नागरिकको आर्थिक र सामाजिक सुरक्षासँग जोडिएको आधार हो । पुस्तौंदेखि कुनै जमिनमा बसोबास र भोगचलन गर्दै आएका नागरिकका लागि लालपुर्जा आफ्नो अधिकारको कानुनी प्रमाण हो । त्यसैले भूमिहीनको समस्या समाधानलाई सामान्य प्रशासनिक प्रक्रियाका रूपमा मात्र लिनु हुँदैन ।

देवघाटमा मात्रै करिब चार हजार छ सय घरधुरीले भूमि समस्या समाधानका लागि आवेदन दिएका छन् । तनहुँभर करिब २४ हजार घरधुरी अव्यवस्थित बसोबासी तथा तीन हजार घरधुरी भूमिहीन दलित र भूमिहीन सुकुम्बासी रहेको तथ्यांक छ । यसले समस्याको व्यापकता स्पष्ट गर्छ । अहिले तीन पुस्ते विवरण, पुराना नागरिकता तथा मृत्यु दर्ताका अभिलेख नहुनु र आवेदनको वर्गीकरणमा देखिएको अन्योलले प्रक्रिया जटिल बनाएको छ । राज्यसँग अभिलेख नभएको भार नागरिकमाथि मात्र थोपर्नु उचित हुँदैन । वास्तविक भूमिहीनलाई प्रमाण जुटाउनकै कारण अधिकारबाट वञ्चित हुन नदिन व्यवहारिक र सरल प्रक्रिया आवश्यक छ ।

त्यस्तै, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको वर्गीकरणमा भएका त्रुटि सच्याउने अवसर सहज रूपमा उपलब्ध गराइनुपर्छ । पुरानो निस्सा र हालको भोगचलनबीच देखिएका विवादलाई पनि वास्तविक भोगचलनकर्ता र कानुनी व्यवस्थाको मर्मअनुसार समाधान गर्न आवश्यक छ । भूमि समस्या समाधानका लागि स्थानीय तह, जिल्ला समिति र सम्बन्धित सरकारी कार्यालयबीच प्रभावकारी समन्वय अपरिहार्य छ । नागरिकले एउटै प्रमाणका लागि वर्षौंसम्म कार्यालय धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ । स्पष्ट मापदण्ड, समयसीमा र पारदर्शी प्रक्रियाबाट काम अघि बढाउनुपर्छ । एकबहादुर र होमायाको हातमा पुगेको लालपुर्जा आशाको संकेत हो । तर यसको पूर्ण अर्थ तब मात्र हुन्छ, जब योग्य बाँकी परिवारले पनि आफ्नो जमिनको स्वामित्व पाउँछन् । १० परिवारको हातमा लालपुर्जा पुग्नु उपलब्धि हो, तर हजारौं परिवारको प्रतीक्षा टुंग्याउनु राज्यको वास्तविक परीक्षा हो ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# सूचनाको शक्ति र यसको परिणाम

आजको युग सूचना प्रविधिको युग हो। जोसँग सहि, तथ्यपरक र ताजा सूचना उपलब्ध छ त्यो व्यक्ति वा संस्था आज सर्वशक्तिमान बन्ने अवस्था छ । यी सूचनालाई कसले, कसरी, कुन अवस्थामा कहाँ र कुन माध्यमबाट प्रयोग गरेको छ भन्ने कुराले यसको प्रभावकारिता र परिणाममा ठुलो असर गरेको हुन्छ । विश्वका ठुला ठुला सत्ता परिवर्तनमा शक्ति राष्ट्रहरूको कस्तो हात रहेको हुन्छ भन्नेकुरा अन्तर्राष्ट्रिय घटनाक्रमबाट बेलाबेलामा पुष्टि भैरहेको छ । यस विषयमा मुख्यतः डिपस्टेट, अल्गोरिदम, मिडिया म्यानुपुलेशन र सत्ता परिवर्तन बीच कस्तो सम्बन्ध छ भन्नेकुरा बुझ्नु नितान्त आवश्यक छ ।

यस बारेमा विस्तृत रूपमा व्यख्या गर्ने हो भने त एउटा ठुलो थेसिस नै बन्नेछ तथापि यहाँ छोटकरीमा यसलाई बुझ्ने, विश्वका उदाहरणहरू कोट्याउने र समकालीन समयमा यसको प्रभाव विश्लेषण गर्ने सानो प्रयास गरिएको छ । यो कुनै देश विशेष, क्षेत्र विशेष, दल विशेष वा समुदाय विशेषको कुरा होइन । जब कुनै देशका नागरिकहरूको




IQ level कमजोर छ वा चेतनास्तर कमजोर छ त्यसमा यी शब्दावली र अभ्यास गरिन्छन् । विगतमा विश्वमा यस्ता अभ्यासहरु कहाँ कहाँ भएका रहेछन् भन्ने बारेको सानो उदाहरण हेरौं :

**पश्चिमा शक्ति (विशेषतः अमेरिका)को अनुकुलतामा भएका सत्ता परिवर्तनका घटनाहरु :**

- *सन् १९५३ मा इरानमा Mossadegh सरकार हटाउन CIA/MI6 को covert operation*
- *सन् १९५४ मा ग्वाटेमालामा CIA को PBSUCCESS अभियानपछि Árbenz सरकार पतन । अमेरिकी State Department को आफ्नै Foreign Relations of the United States अभिलेखमा CIA covert action को दस्तावेजी इतिहास उपलब्ध छ; ग्वाटेमालाको केसलाई State Department ले नै "important instance of the use of covert action" भनेर वर्णन गरेको छ ।*
- *सन् १९६०–६१ मा कंगोमा Lumumba विरूद्ध अमेरिकी covert activity, उनको हत्या र त्यसपछिको सत्ता संघर्षमा अमेरिकी भूमिका*
- *सन् १९६३ मा दक्षित भियतनाममा Diem विरूद्ध सैनिक coup लाई अमेरिकाले समर्थन गरेको प्रमाण बाहिरिएको ।*
- *सन् १९७०-७३ मा दक्षिण अमेरिकी राष्ट्र चिलीमा Allende विरोधी राजनीतिक दल, मिडिया र covert activities मा अमेरिकी सहयोग; १९७३ coup भएको ।*
- *सन् १९६४ मा ब्राजिलमा सैन्य coup लाई पुर्णरूपमा अमेरिकी समर्थन ।*
- *सन् १९८० मा निकारागुवामा Contra समर्थन तथा Sandinista सरकारविरूद्ध convert war.*
- *युत्रेनमा अमेरिकाले सोभियत संघ समर्थित सत्ता परिवर्तनका लागि अमेरिकी सरकारले १९९१ पछि युत्रेनमा ४५ billion भन्दा बढी सहायता लगानी गरेको सार्वजनिक रूपमा बताएको थियो। त्यसमा democracy, civil society, governance, media तथा institutional development कार्यक्रमहरु पनि थिए। त्यसपछि युत्रेनमा पुर्व कमेडियन तथा The servant of people नामक टेलिभिजन प्रस्तोता भोलोदिमिर जेलेन्स्कीले ७५% जनमतका साथ राष्ट्रपति पदमा जित हासपल गरेका थिए ।*
- *सन् २०१६ मा वेलायतलाई युरोपेली युनियनबाट अलग गराउनका लागि UK Independent Party-(UKIP) का नेता Nigel Farage ले Brexit को राजनीतिक मागलाई लामो समयदेखि अघि बढाए; Boris Johnson/Michael Gove ले २०१६ को निर्णायक Leave अभियानको नेतृत्व गरे; र Dominic Cummings तथा Matthew Elliott ले अभियानको रणनीति सञ्चालनमा ठूलो भूमिका खेले । अन्ततः २३ June २०१६ मा भएको जनमतसंग्रहमा करिब ५१.९% मत Leave र ४८.१% Remain पक्षमा आयो । यसमा पनि मिडिया म्यानिपुलेशनको ठुलो हात थियो ।*
- *इराक, अफगानिस्तान, लिविया तथा सिरियामा सरकार परिवर्तन गर्न गराउनका लागि प्रत्यक्ष र परोक्षरूपमा मिडिया म्यानिपुलेशनको अहम स्थान रहेको कुरा चर्चामा रहँदै आएको छ*
- *सन् २०२४ मा वंगलादेशमा शेष हसिनाको सरकार ढालेर नयाँ सरकार गठन गर्न परोक्षरूपमा अमेरिकाको हात छ भनी बहस भैरहेको देखिन्छ यद्यापि यसको स्वतन्त्र रूपमा पुष्टि भएको देखिदैन ।*
- *सन् २०२५ सेप्टेम्बरको जेन्जी आन्दोलनको बारेमा त समाचारहरु यत्रतत्र छाइरहेकै छन् । यस आन्दोलन डिपस्टेट, अल्गोरिदम र मिडिया म्यानुपुलेशनको परिणाम हो भन्नेबारे धेरै अन्तर्राष्ट्रिय संस्था, नेपाल सरकारको प्रतिवेदन तथा स्वतन्त्र बुद्धिजीवी एवं विश्लेषकहरूले उठाइरहेको विषय हो । यसबारेमा सत्यतथ्य विस्तृत छानवीन पछि निष्कर्ष आउनेनैछ । अहिले पछिल्लोपटक आएको अमेरिकी सञ्चारगृह Grayzone को रिपोर्टले पहिलाका अड्कलबाजीलाई थप पुष्टि गर्ने आधार तयार गरेको छ ।*

The Grayzone को (September २०२६ को नयाँ रिपोर्टले leaked CEPPS documents को आधारमा NED र त्यससँग सम्बन्धित संस्थाहरूले नेपालका राजनीतिक तथा civic actors लाई लामो समयदेखि training/support गरेको दाबी गरेको छ । रिपोर्टले बालेन शाह, रवि लामिछाने सुदन गुरूङ, सागर ढकाल सहित केही नेपाली राजनीतिक व्यक्तित्वलाई त्यस्ता कार्यक्रमसँग जोड्छ । रिपोर्टले विशेषगरी २०१७-२०२२ को Niti Sambad कार्यक्रम र CEPPS/NED संरचनाबाट आएको अमेरिकी funding तथा youth political organizing, leadership, social media र campaigning सम्बन्धी गतिविधिलाई जोडेको छ। अतः Grayzone को रिपोर्टलाई गम्भीर रूपमा जाँच्नुपर्ने investigative claim भन्न सकिन्छ ।

बुझ्नुपर्ने कुरा के छ भने NED र CIA एउटै संस्था होइनन्। NED १९८३ मा अमेरिकी Congress द्वारा स्थापित nonprofit organization हो र यसको funding ठूलो मात्रामा अमेरिकी सरकारबाट आउँछ । तर NED का आलोचकहरूले यसलाई CIA को "soft-power successor" अथवा "cutout" भनेर वर्णन गर्छन्। Grayzone ले पनि यही दृष्टिकोण अपनाएको छ । नेपालको Gen-Z आन्दोलन र त्यसपछि बनेको नयाँ राजनीतिक संरचनामा विदेशी-funded organizations को वास्तविक प्रभाव कति थियो? यसको उत्तर खोज्न

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
आत्मविश्वास बढ्नेछ। नयाँ काम सुरू गर्ने अवसर मिल्नेछ। मिहिनेतअनुरूप परिणाम प्राप्त हुनेछ।

**वृष**
घरायसी जिम्मेवारी बढ्ने सम्भावना छ। आर्थिक पक्षमा उतारचढाव देखिए पनि मिहिनेतले समस्या हट्नेछ।

**मिथुन**
सकारात्मक सोचका साथ अघि बढ्न सकिनेछ। अध्ययन–अध्यापनमा मन जानेछ। मान–प्रतिष्ठा बढ्ने सम्भावना छ।

**कर्कट**
सम्झौतामूलक काममा लाभ मिल्नेछ। परिवार र नातागोतासंग सम्बन्ध प्रगाढ बन्नेछ। दाम्पत्य जीवन सुखमय रहनेछ।

**सिंह**
नयाँ कामको थालनीमा ढिलासुस्ती हुन सक्छ। आत्मालोचन गर्नुपर्ने समय छ। धैर्य र संयम अपनाउनु उपयुक्त हुनेछ।

**कन्य**
सामाजिक क्षेत्र वा सहकर्मीको सहयोगले काम बन्नेछ। मन प्रशन्न हुने समाचार सुन्न सकिनेछ।

**तुला**
नयाँ अवसर हात पर्ने दिन छ। रोकिएका काम बन्नेछन्। आर्थिक लाभका साथै प्रतिष्ठा पनि बढ्ने सम्भावना छ।

**वृश्चिक**
आफ्नै कमजोरीका कारण योजना प्रभावित हुन सक्छ। नजिकका साथी वा आफन्तसँग मतभेद आउन सक्छ।

**धनु**
साहस र परिश्रम बढ्ने दिन छ। नयाँ योजना अघि सार्न सकिनेछ। सामाजिक कार्यमा सक्रिय भई सम्मान पाउने सम्भावना छ।

**मकर**
मेहनतअनुरूप लाभ प्राप्त हुनेछ। व्यापार–व्यवसायमा लाभदायक अवसर प्राप्त हुन सक्छ।

**कुम्भ**
दाम्पत्य जीवनमा मेलमिलाप बढ्नेछ। घुमफिरको अवसर मिल्नेछ। रोकिएका काम सम्पन्न हुने सम्भावना छ।

**मीन**
समय मध्यम खालको रहनेछ। स्वास्थ्यप्रति ध्यान दिनुपर्नेछ। आर्थिक क्षेत्रमा सामान्य खर्च बढ्ने सम्भावना छ।

# सूचनाको शक्ति र .....

Grayzone को रिपोर्ट मात्र होइन, उसले उद्धृत गरेका leaked documents को मूल सामग्री र CEPPS/NED/IRI का आफ्नै प्रकाशित records पनि हेर्नुपर्छ। यी कुराका बारेमा विस्तृत छानवीन र विश्लेषणहरु हुँदै जालान् र सत्यतथ्य बाहिर आउला पनि, यसका लागि अहिलेलाई धैर्य गर्नु नै उचित होला ।

यस आलेखमा उजागर गर्न खोजिएको मूल विषय यो हो कि शक्ति राष्ट्रहरूले अमुक देशमा आफ्नो अनुकुल सत्ता निर्माण गर्नका लागि वा आफ्नो हित रक्षाका लागि उपलब्ध के कस्ता साधन प्रयोग गर्दा रहेछन् भन्नेकुराको खोजी र विश्लेषण गर्नु रहेको छ । यसका लागि राज्यका हरेक अंगअंगमा डिपस्टेटको माध्यमबाट मन्दविष भर्ने ता कि जनतालाई थाहै नहोस् कि यसमा कस्तो परिवर्तन भैरहेको छ? कस्को हात छ? राज्यका अंगहरूलाई परोक्षरूपमा जनतालाई एकोहोरो बनाउने slow poison दिनेकुरा कसरी भैरहेको छ ? त्यसैगरी अल्गोरिदमको माध्यमबाट जनतालाई मानसिकरूपमा एकोहोरो बनाइदिने, साँच्चै हो कि जस्तो पारिदिने र कमजोर मानसिकता भएका र सहि र गलत छुट्याउन नसक्ने नागरिकलाई गलत कुरालाई पनि सहि हो भनेर बुझ्न बाध्य बनाउने, जता हेरेपनि एउटै कुरा छ, कुरामा समानता छ, गलत कुरा पनि जनमानसको धारणा नै परिवर्तन गर्नेगरी पटकपटक प्रशारण गर्नु यसका उदाहरण हुनसक्छन् ।

अब एकछिन Deep-state, Algorithm र Media Manipulation को माध्यमबाट मानिसले कुनै सरकार, नेता वा व्यक्तिलाई कसरी बुझ्छ भन्नेमा प्रभाव पार्न सक्छन् । तर यी सबैलाई एउटै कुरा भनेर बुझ्नु हुँदैन । विशेष गरी Deep State भन्ने शब्द धेरैपटक राजनीतिक आरोप वा व्याख्याका रूपमा प्रयोग हुन्छ तथापि प्रमाणित संस्थागत संरचना र आरोपबीच फरक छुट्याउनु जरुरी छ।

**क) Deep State ले कसरी प्रभाव पार्न सक्छ ?**

सामान्य अर्थमा Deep State भन्नाले निर्वाचित सरकारभन्दा बाहिरका स्थायी सरकारी कर्मचारीतन्त्र, सुरक्षा निकाय वा अन्य शक्तिशाली संस्थागत समूहहरूले नीतिमा असामान्य प्रभाव पार्छन् भन्ने अवधारणालाई जनाइन्छ। यदि कुनै देशमा वास्तवमै त्यस्तो संस्थागत प्रभाव रहेको प्रमाण भएमा, प्रभाव यस्तो हुन सक्छ: नीति/सूचना नियन्त्रण रू निश्चित सूचना बाहिर आउनु-मिडियामा विशेष कथा बन्नु-जनधारणा प्रभावित हुनु। यहाँ यो सावधानी आवश्यक छ कि कुनै सरकारको निर्णय मन नपर्नु वा गोप्य गतिविधि देखिनु मात्रले Deep State प्रमाणित गर्दैन।

**ख) Algorithm ले हाम्रो धारणा कसरी बदल्छ?**

आज सामाजिक सञ्जालमा हामीले देख्ने सामग्री पूर्णतः संयोगले आउँदैन। प्लेटफर्मका निरन्तरका recommendation algorithms ले हाम्रो विगतको व्यवहार प्रभावित गर्छ जस्तैः कुन भिडियो हेर्यौ ? कति समय हेर्यौ ? कुन पोस्टमा प्रतिक्रिया दियौं ? कसलाई follow गर्यौ ? कुन विषयमा comment गर्यौ ? आदि जस्ता संकेतका आधारमा आगामी सामग्री छनोट गर्न सक्छन् । उदाहरणको रूपमा तपाईंले A सरकारको आलोचना गर्ने ५ वटा भिडियो हेर्नुभयो - Algorithm ले त्यस्तै सामग्री अझ धेरै देखायो - तपाईंले त्यही सामग्री अझ धेरै हेर्नुभयो - Algorithm ले अझ त्यस्तै सामग्री देखायो । यसलाई feedback loop भन्न सकिन्छ । त्यसपछि मानिसलाई यस्तो लाग्न सक्छ कि "सबैतिर यही कुरा भइरहेको रहेछ ।" जबकि वास्तविकता फरक हुन सक्छ। यस विषयमा उसको व्यक्तिगत feed मा मात्र त्यस्तो सामग्री असामान्य रूपमा धेरै देखिएको हो भन्नेकुरा बुझ्नुपर्दछ ।

**ग) Media Manipulation कसरी काम गर्छ ?**

Media manipulation भन्नाले सूचना प्रस्तुत गर्ने तरिका, चयन वा सन्दर्भलाई यस्तो ढंगले प्रयोग गर्नु हो जसले दर्शक/पाठकको धारणा प्रभावित गर्न सक्छ । उदाहरणका लागि एउटै घटनालाई दुई मिडियाले यसरी प्रस्तुत गर्न सक्छन्:

Media AM सरकारले कर बढायो

Media BM "सरकारले स्वास्थ्य र शिक्षाका लागि अतिरिक्त राजस्व जुटाउने निर्णय गर्‍यो ।"

माथि दुवैले एउटै तथ्य उल्लेख गरेका हुन सक्छन्, तर headline, फोटो, शब्द छनोट र कुन तथ्य अगाडि राखियो भन्ने कुराले पाठकको भावनामा फरक प्रभाव पार्न सक्छ । यसलाई framing भनिन्छ। यी तीनवटा एकै ठाउँमा आएपछि प्रभाव अझ ठूलो हुन सक्छ । यसलाई एउटा सरल चक्रबाट बुझ्न सकिन्छ:

सूचना/राजनीतिक सन्देश रू Media framing-Social-media algorithm-बारम्बार एउटै प्रकारको सामग्री- भावनात्मक प्रतिक्रिया - व्यक्तिगत विश्वास बलियो हुनु- त्यही विचारसँग मिल्ने सामग्री खोज्नु- Algorithm ले अझ बढी त्यही सामग्री देखाउनु। यसले अन्ततः Echo Chamber वा Filter Bubble बनाउन सक्छ ।

अतः हामीले कुनैपनि समाचार वा सूचना सामग्री मात्र हेरेको वा सुनेको भरमा त्यसको आधिकारिकता पुष्टि नभइकन वा अन्य भरपर्दो स्रोतबाट भेरिफाइ नगरीकन विश्वास गरिहाल्नु वा धारणा परिवर्तन गरिहाल्नु हामी सबैका लागि घातक हुनसक्छ । यो सूचना प्रविधिको जमानामा समाचारका स्रोतहरु बग्रेल्ती हुनसक्छन्, कसैले निश्चित स्वार्थका लागि मिडिया हाउस चलाएका हुन्छन्, कसैले संस्थागत वा अमुक समुहको हितमा कलम चलाइरहेको वा समाचार प्रशारण गरिरहेको हुनसक्छ, कसैले धेरै भ्युज बढाउन त्यसैको माध्यमबाट र आयआर्जन गर्नका लागि मिडिया चलाएको पनि हुनसक्छ ।

त्यसलाई राम्रोसँग अध्ययन र विश्लेषण गरी आधिकारिकता हेरेर वा प्रमाणित गरेर मात्र त्यसमा विश्वास गर्नु र धारणा बनाउनुपर्छ भन्ने यस आलेखको आसय हो । गलत सूचनाका आधारमा संसारमा भएका ठुला ठुला राजनीतिक परिवर्तन, धार्मिक तथा साम्प्रदायिक दङ्गाहरूले ठुलो मानवीय र भौतिक क्षति गरेको छ । तसर्थ आजको विकशित र प्रविधिको दुनियामा यसप्रकारका घटना हुनु नितान्त दुःखद कुरा हो। सूचनालाई मनोरञ्जनका लागि, ज्ञानको क्षितिज बढाउनका लागि, अनुभव शेयरिङका लागि, देश विकासमा योगदान दिनका लागि, नयाँनयाँ खोज र आविष्कारका लागि, जनमानसलाई मार्गदर्शन र प्रेरणा दिनका लागि र समग्रतामा मानवीय हितका लागि प्रयोग गरिनुपर्दछ । यसतर्फ हामी सबै सतर्क रहनु आजको आवश्यकता हो । धन्यवाद । (लेखक भरतपुर-७ कृष्णपुर चितवन निवासी (हालः संयुक्त राज्य अमेरिका)


गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास
युवा तथा खेलकुद मन्त्रालय

## एकीकृत सेवा कार्यालय, तनहुँ

दमौली, तनहुँ

## लिखित दाबी पेश गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८३/०६/०२*

एकीकृत सेवा कार्यालय तनहुँमा मिति २०७४/०९/२३ मा दर्ता भएको प्रा.फ./सा.फ. नं. ६३५७/०७४/०७५ को **एम.पि. सेवा उद्योग**(शु.न.पा.-४, तनहुँ) नामको प्राइभेट फर्म/साझेदारी फर्म खारेजी गरी पाउँ भनि प्रोपाइटर **श्री मिलन प्रधान, दुलेगौंडा-५ तनहुँ**को निवेदन परेकोले उक्त उद्योगसंग कसैको कुनै प्रकारको लेनदेन वा दायित्व बाँकी रहेको भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सो को प्रमाण सहितको लिखित दाबी **एकीकृत सेवा कार्यालय, तनहुँ**मा पेश गर्न यो सूचना प्रकाशन गरिन्छ ।

## सत्यवती माध्यमिक विद्यालय

**व्यास नगरपालिका-२, दमौली, तनहुँ**

## शिक्षक आवश्यकता

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०२**

यस विद्यालयको लागि विद्यालय स्रोतमा एक जना विज्ञान विषय शिक्षकको आवश्यकता परेकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ ।

| | |
|---|---|
| पद | शिक्षक |
| आवश्यक संख्या | एक |
| तह | आधारभुत (प्राथमिक) |
| शैक्षिक योग्यता | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरह (अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने) |
| आवेदन दस्तुर | रू ७००।- |
| तलब भत्ता | वि.व्य.स.को निर्णयअनुसार |
| उमेर | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| परीक्षाको किसिम | लिखित, प्रयोगात्मक र अन्तरवार्ता |
| दरखास्त दिने अन्तिम मिति | २०८३/०६/०८ गते दिनको ४:०० बजे |
| लिखित परीक्षाको मिति | २०८३/०६/०९ गते दिनको ११:०० बजे |

**सम्पर्क फोन नं. ०६५-५६३००१, ९८४६०५५७०६**
Email: satyawati001tanahun@gmail.com

## व्यक्ति एउटै भएको सूचना



तनहुँ जिल्ला गण्डकी प्रदेश साविक फिरफिरे गाविस वडा नं. ८ हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १२ निवासी भारतीय भू.पू.सै.नं. १३२९२०, दर्जा हवल्दार, पल्टन १३ A.R. का **धन बहादुर श्रेष्ठ भन्ने धन बहादुर गुरूङ**को श्रीमती **मनी माया श्रेष्ठ भन्ने मानी माया गुरूङ**को नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर **मनी माया श्रेष्ठ भन्ने मानी माया गुरूङ**, जन्ममिति वि.सं. २०१८/०२/१७ तदानुसार ई.सं. १९६१-०५-३० उल्लेख भएको तर निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर **मनी माया गुरूङ**, जन्ममिति वि.सं. २०१४/१०/२८ तदानुसार ई.सं. १९५८/०२/१० भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं. १२ को वडा कार्यालयको च.नं. २४२ मिति २०८३/०५/२५ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## व्यक्ति एउटै भएको सूचना

लमजुङ जिल्ला दोर्दी गाउँपालिका वडा नं. ०४ निवासी भारतीय भु.पु. सैनिक नं. ५०४११४६X का अवल्दार **नर बहादुर राना मगर**को श्रीमती **माकुरी राना मगर**ले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र नं. १८२० मा नामथर **माकुरी राना मगर** र जन्ममिति २०१४/०८/०७ (ई.सं. १९५७/११/२२) भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर **माकुरी मगर्नी** र जन्ममिति २००६/१०/२८ (ई.स. १९५०/०२/१०) भई फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति एको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा दोर्दी गाउँपालिका, ०४ नं. वडा कार्यालयको च.नं. ११०, मिति २०८३/०५/३० को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा कम गरेबापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## शुक्लागण्डकी नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | ज्ञान बहादुर राना क्याक्मी-८, स्याङ्जा | साविक उदेनढुङ्ग १/च, तनहुँ, हाल शु.न.पा.-५, तनहुँ कि.नं. ३३०५ क्षे.फ. ०.५.०.१ | २०८३/०५/२५ | RCC | पश्चिम तर्फ कि.नं. ३३०४ |

नियम ८ को उपनियम (२)संग सम्बन्धित

## जडिबुटी प्रशोधन (गुजरगानो र चुत्रो) उद्योग सञ्चालन कार्यको प्रारम्भिक वातावरीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/०२ गते**

गण्डकी प्रदेश तनहुँ जिल्ला, आँवुखैरेनी-२ मा एन.एल. बायो टेक्नोलोजी प्रा.लि. आँवुखैरेनी-२ तनहुँद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **(क) नाम** : एन.एल. बायो टेक्नोलोजी प्रा.लि.<br>**(ख) ठेगाना** : आँवुखैरेनी-२, तनहुँ, गण्डकी प्रदेश, नेपाल<br>**(ग) इमेल** : phurnimasherpa501@gmail.com<br>**(घ) फोन नं.** : ९८०३५९१७५१ |
| प्रस्तावको व्यहोरा | नेपाल तथा गण्डकी प्रदेशमा प्रचुरमात्रमा पाईने गुजरगानो र चुत्रो कच्चा पदार्थहरूलाई सूर्यको तापबाट प्रशोधन गरिने, मेकानिकल उपकरणको प्रयोग कम हुने साथै ऊर्जा खपत न्यून हुने प्रविधिमा आधारित जडिबुटी प्रशोधन (गुजरगानो र चुत्रो) उद्योग सञ्चालन कार्य । |
| प्रभाव पर्ने वा प्रभाव पर्न सक्ने जिल्ला वा गा.पा. वा न.पा. | तनहुँ जिल्ला, आँवुखैरेनी-२ गण्डकी प्रदेश, नेपाल । |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली तथा जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **क) नाम** : एन.एल. बायो टेक्नोलोजी प्रा.लि.<br>**ख) ठेगाना** : आँवुखैरेनी-२, तनहुँ, गण्डकी प्रदेश, नेपाल<br>**ग) इमेल** : phurnimasherpa501@gmail.com<br>**घ) फोन नं.** : ९८०३५९१७५१ |
| परामर्शदाताको नाम र ठेगाना | **नाम** : एकीकृत सिर्जनशील नेपाल<br>**ईमेल** : iinepal2072@gmail.com **फोन** : ९८४४०२९००० |

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असोज ०२ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**असोज ०४ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**असोज ०३ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# एक महिनामै उठ्यो बाढीले भत्काएको घान्द्रुक सडक

## ४५ जनशक्ति र तीन एक्स्काभेटर परिचालन

भञ्ज्याङ समाचारदाता/पोखरा

गत साउन २८ गते मोदी खोलामा आएको बाढीले क्षतिग्रस्त बनाएको कास्कीको अन्नपूर्ण गाउँपालिका-८ स्थित विरेठाँटी-घान्द्रुक सडक पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको छ । बाढीका कारण सडकका पाँच स्थानमा कटान हुँदा करिब ६ सय मिटर सडक क्षतिग्रस्त बनेपछि अवरूद्ध भएको सडक अहिले पुनः सञ्चालनको तयारीमा पुगेको हो । बाढीपछि सडक अवरूद्ध हुँदा घान्द्रुक, अन्नपूर्ण आधार शिविर, पुनहिललगायतका पर्यटकीय गन्तव्यमा जाने-आउने पर्यटक तथा स्थानीय प्रभावित भएका थिए। दैनिक उपभोग्य सामग्री ढुवानीमा समेत समस्या भएपछि सडक तत्काल सञ्चालनमा ल्याउन पुनर्निर्माणलाई प्राथमिकता दिइएको अन्नपूर्ण गाउँपालिकाले जनाएको छ ।

क्षतिग्रस्त सडकको स्थलगत निरीक्षणपछि पुनर्निर्माण अघि बढाइएको गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले बताए । उनका अनुसार कामको सुरूवाती चरणमा विरेठाँटी बजारतर्फ बगेको मोदी खोलालाई डाइभर्सन गरी नदीको बहाव नियन्त्रण गरिएको थियो । त्यसपछि ग्याबिन जालीसहित सडकको संरचना निर्माण थालिएको हो । पुनर्निर्माणका क्रममा गाउँपालिकाको एक करोड रूपैयाँभन्दा बढी खर्च भएको अध्यक्ष केसीले जानकारी दिए । प्रदेश सरकारबाट करिब ४० लाख रूपैयाँ बराबरको ग्याबिन जाली उपलब्ध भएको छ भने विभिन्न संघसंस्थाबाट समेत आर्थिक सहयोग प्राप्त भएको उनले बताए।

सडक निर्माणका लागि भुरूङ्दी, लान्द्रुक र मोदी जलविद्युत् आयोजनाका तीनवटा एक्स्काभेटर परिचालन गरिएको छ । त्यस्तै, नेपाली सेनाको श्री कालीभन्जन गणबाट खटिएको



जनशक्ति तथा अन्य युनिटबाट थप जनशक्ति परिचालन गरी निर्माणलाई तीव्रता दिइएको थियो।

पश्चिम पृतना हेडक्वाटर विजयपुरका पृतनापति उपरथी भोलानाथ थापाका अनुसार करिब एक महिनाको अवधिमा दैनिक ४५ जना नेपाली सेनाको प्राविधिक तथा दक्ष जनशक्ति परिचालन गरी काम अघि बढाइएको थियो। पहिलो चरणमा खोलाको बहाव डाइभर्सन र दोस्रो चरणमा सडक पुनर्निर्माणमा केन्द्रित भएर काम गरिएको उनले बताए ।

पुनर्निर्माणका क्रममा ८१३ घनमिटर ग्याबिनमा ढुङ्गा भर्ने काम सम्पन्न भएको छ । मुख्य प्रभावित क्षेत्रमा हाल ८६ मिटर लम्बाइ, आठ मिटर उचाइ र सात मिटर चौडाइको सडक संरचना तयार भइसकेको जनाइएको छ ।

सडक निर्माणका लागि आवश्यक ग्याबिन जाली पूर्वाधार विकास कार्यालय, कास्कीबाट उपलब्ध गराइएको थियो । ग्याबिन वाल निर्माणमा प्रयोग हुने ढुङ्गा, माटो भर्ने सामग्रीलगायत आवश्यक अन्य सामग्री भने स्थानीय तहबाट व्यवस्थापन गरिएको अध्यक्ष केसीले बताए । निर्माण व्यवसायी तथा जलविद्युत् आयोजनाका उपकरणसमेत परिचालन गरी कामलाई गति दिइएको उनको भनाइ छ ।

बाढीबाट क्षतिग्रस्त पाँच स्थानमध्ये विरेठाँटी बजार तथा पुलको सुरक्षासँग जोडिएको क्षेत्रलाई तत्काल संरक्षण गर्नुपर्ने भएकाले उक्त स्थानमा प्राथमिकताका साथ पुनर्निर्माण गरिएको हो । बाँकी क्षतिग्रस्त स्थानमा स्थानीयस्तरबाटै मर्मत तथा पुनर्निर्माण गर्न सकिने अवस्था रहेको गाउँपालिकाले जनाएको छ।

निर्माण सम्पन्न भएको मुख्य सडकखण्ड अहिले सवारी सञ्चालनका लागि तयार अवस्थामा पुगेको छ । बाँकी कामसमेत पूरा गरी असोज २ गतेसम्म विरेठाँटी-घान्द्रुक सडकमा नियमित सवारी सञ्चालन गर्ने लक्ष्य राखिएको गाउँपालिका अध्यक्ष केसीले बताए।

बाढीले सडक संरचना मात्र क्षति नगरी यस क्षेत्रको पर्यटन तथा स्थानीय जनजीवनमा समेत प्रत्यक्ष असर पारेको थियो । सडक पुनः सञ्चालनमा आएपछि घान्द्रुकसहित अन्नपूर्ण क्षेत्रका पर्यटकीय गन्तव्यमा आवागमन सहज हुने अपेक्षा गरिएको छ ।

# डोना हिमतालको जोखिम : ..........

अध्ययन गर्नुपर्ने उनको भनाइ छ।

हिमतालका जानकार सुदन विकास महर्जनले डोना हिमतालको वर्तमान अवस्था स्थलगत अध्ययनबिना यकिन गर्न नसकिने बताउनुभयो। हिमतालको जोखिम नयाँ नभएकाले नियमित अनुगमन र वैज्ञानिक मूल्याङ्कन आवश्यक रहेको उनको भनाइ छ ।

महर्जनका अनुसार जोखिमयुक्त हिमतालको अवस्था सामान्यतया दुई-तीन वर्षको अन्तरालमा स्थलगत रूपमा अनुगमन गर्नु आवश्यक हुन्छ। सरकारले जोखिमयुक्त हिमतालको निरीक्षण गरी जोखिम न्यूनीकरणका लागि आवश्यक प्राविधिक तथा संरचनागत उपाय अघि बढाउनुपर्ने उनले बताए ।

**लमजुङदेखि तनहुँसम्म जोखिमको प्रश्न**

मर्स्याङ्दी नदी मनाङबाट लमजुङ हुँदै गोरखा र तनहुँ पार गरेर त्रिशूली नदीमा मिसिन्छ। त्यसैले डोना हिमतालबाट उत्पन्न हुन सक्ने ठूलो बाढीको जोखिमलाई मनाङमा मात्र सीमित नराखी मर्स्याङ्दी नदीको तल्लो तटीय क्षेत्रसम्म जोडेर हेर्नुपर्ने देखिएको छ ।

लमजुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले डोना हिमतालका कारण मर्स्याङ्दी नदीमा ठूलो बाढी आए जिल्लाको तल्लो तटीय क्षेत्र प्रभावित हुन सक्ने बताए । उनका अनुसार सुन्दरबजार आसपासका तल्लो भूभाग, बैँसीसहरका केही तल्लो क्षेत्र तथा मर्स्याङ्दी करिडोरमा रहेका जलविद्युत् आयोजनासमेत जोखिममा पर्न सक्छन् । उनले भने, "मनाङ र लमजुङ बढी जोखिममा पर्न सक्ने क्षेत्र हुन्। ताल फुट्छ वा फुट्दैन भनेर अहिले नै निश्चित भन्न सकिने अवस्था छैन ।"

ठूलो आयामको विपद् आए हाल उपलब्ध स्रोतसाधनले त्यसलाई पूर्ण रूपमा सामना गर्न कठिन हुनसक्ने भएकाले पूर्वसूचना र उद्धार क्षमतालाई बलियो बनाउनुपर्ने उनले बताए । सम्भावित विपद्मा मानवीय क्षति रोक्ने विषयलाई प्राथमिकतामा राखेर तयारी भइरहेको उनको भनाइ छ।

हिमताल विस्फोटबाट उत्पन्न हुने बाढीलाई पूर्ण रूपमा रोक्न सम्भव नहुन सक्छ । तर तालको नियमित अनुगमन, जोखिमको पुनःमूल्याङ्कन, सम्भावित बाढीको बहाव क्षेत्रको नक्साङ्कन, पूर्वसूचना प्रणालीको विकास तथा स्थानीय तह र सुरक्षा निकायबीचको समन्वयबाट क्षति न्यूनीकरण गर्न सकिने विज्ञहरूको सुझाव छ ।

मर्स्याङ्दी करिडोरमा बस्ती, सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य महत्वपूर्ण पूर्वाधारसमेत रहेकाले डोना हिमतालको जोखिमलाई हिमाली क्षेत्रमा सीमित विषयका रूपमा मात्र नहेरी मर्स्याङ्दी नदीको तल्लो तटीय क्षेत्रको समग्र विपद् व्यवस्थापन योजनासँग जोड्नुपर्ने आवश्यकता देखिएको छ ।


## संविधान दिवस भव्यरुपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter



**Tara Nath Dahal**
x.com/tndahal7

भोटेकोशी महाबिपत्तिलाई नेपालकै हिमाली डककाडो भत्किएर भएको हो भन्ने स्थापित गर्न मिडिया र सोसल मिडियामा निकै लगानी र अनेक क्याम्पेन भैरह्को देखिन्छ ।
जलबायु परीवर्तनको दुस्प्रभावले देशको सीमा चिन्दैन । किन यस्तो आत्तिएर प्रचारबाजी गर्न परेको होला ?
लेन्देखोला बेसिनको गहन खोजी होस !



**Sanjeev**
x.com/sanpokh

कुनैबेला केपी ओलीसँग दुइतिहाई भन्दा केही कम बहुमत थियो । उनलाई यतिले चित्त बुझेको थिएन। सुरूमा कांग्रेसलाई पनि सरकार पक्ष बन्न र संसद्‌रूमा कोही पनि प्रतिपक्षमा नबस्न दबाब दिए । त्यसले काम नगरेपछि कोरोनाकालमा देश लकडाउनमा ठप्प हुँदा मधेशवादी दलका सांसद् अपहरण गर्न भाडामा मानिस खटाए । अन्तमा त्यसले पनि काम नगरेपछि राष्ट्रपति विद्या भण्डारीको सहयोगमा दुई पटक संसद् विघटन गरे ।
यति सब गर्दा पनि संसद्‌रूमा दुइतिहाई बहुमत किन चाहिएको थियो? यो ओलीले कहिलै बताएनन्। अहिले रास्वपालाई पनि दुइतिहाई चाहिएको छ। न रास्वपा न वालेन शाहले बताउनेछन् किन चाहिएको हो दुइतिहाई! तर, यो कुरा बुझ्न गाऱ्हो छैन कि संसद्‌रूमा दुइतिहाई चाहिने संसदीय प्रणाली र लोकतन्त्रको रक्षा गर्नका लागि होइन । यसलाई मास्न र मनोमानी गर्नका लागि हो । रास्वपाका केही मन्त्रीले 'दुइतिहाई नभएकाले केही गर्न सकिएन' भनेको पूर्ण रूपमा निरंकुश र जवाफदेहीताशून्य सरकार बनाउन सकिएन भनेको हो ।

# तनहुँमा विविध कार्यक्रमसहित संविधान दिवस मनाइने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा विविध कार्यक्रम आयोजना गरी संविधान दिवस मनाइने भएको छ। संविधान दिवस जिल्ला समारोह समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेको अध्यक्षतामा बिहीबार बसेको बैठकले असोज २ र ३ गते संविधान दिवसका अवसरमा विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको हो ।



जिल्ला समन्वय अधिकारी शिवप्रसाद रिजालका अनुसार संविधान दिवसको अवसरमा असोज २ र ३ गते जिल्लाका सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघसंस्थामा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने निर्णय गरिएको छ ।

त्यसैगरी असोज २ र ३ गते सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघसंस्था र राजनीतिक दलका कार्यालयमा दीपावली गर्ने निर्णय भएको छ । असोज २ गते जिल्लाका सबै सरकारी कार्यालयमा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

संविधान दिवसको मुख्य दिन असोज ३ गते अनसन चौतारीमा झण्डोत्तोलन गर्ने कार्यक्रम तय गरिएको छ । सोही दिन प्रभातफेरी तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिनेछ ।

दिवसको अवसरमा असोज ३ गते साँझ अनसन चौतारीमा दीप प्रज्ज्वलन कार्यक्रमसमेत आयोजना गरिने जिल्ला समन्वय अधिकारी रिजालले जानकारी दिए।

जिल्ला समारोह समितिले संविधान दिवसलाई राष्ट्रिय एकता, संविधानप्रतिको सम्मान तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्द्धन गर्ने अवसरका रूपमा विविध कार्यक्रमसहित मनाउने तयारी गरेको जनाएको छ ।


उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४